# सााप्ताहिक समाचारपत्रिका

अंक १९४, वर्ष ६, २०८१ जेष्ठ १३, May 26, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल



बेनी अस्पतालको आयोजनामा म्याग्दी जिल्ला, मालिका गाउँपालिकाको वार्ड नम्बर २ मा रहेको रुम स्वास्थ्य चौकीमा १ दिने निशुल्क प्रजनन स्वास्थ्य रुग्णताको एकीकृत स्कृनिङ शिबिर प्रसुती रोग विशेषज्ञ डाक्टर अन्जु थापा सहित बेनी अस्पतालको टोली, रुम स्वास्थ्य चौकीका स्वास्थ्यकर्मीहरु, महिला स्वास्थ्य स्वयंसेविकाहरु, विभिन्न समाजसेबी ब्यक्तिहरुको सहयोगमा सम्पन्न भएको छ।



जिल्ला आयुर्बेद स्वास्थ्य केन्द्र, मुस्ताङ्गद्वारा निर्माण गरिएको स्वस्थकर जीवनशैली प्रवर्द्धनमा गृहिणीहरुका लागी भान्सा सुधार कार्यक्रम हाते पुस्तिका माननीय सामाजिक विकास तथा स्वास्थ्य मन्त्रीबाट विमोचन भएको छ।



स्वास्थ्य कार्यालय, बागलुङको आयोजना तथा काठेखोला गाउँपालिकाको समन्वयमा काठेखोलामा महिला सामुदयिक स्वास्थ्य स्वयम सेविकाहरुको लागि ४ दिने पुनर्ताजगी तालिमको पहिलो ब्याच संचालन भएको छ।



बारपाक सुलिकोट गाउँपालिका, गोरखाको आयोजना र Australian Cervical Cancer Foundation तथा Nepal Cancer Relief Society काभ्रे शाखाको प्राविधिक सहयोगमा २५ बर्ष देखी ६० बर्ष उमेर समुहका महिलाहरुका लागी विशेषज्ञ टोलिबाट पाठेघरको निःशुल्क परिक्षण तथा उपचार सम्बन्धि शिबिर सञ्चालन भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९४, वर्ष ६, २०८१ जेष्ठ १३, May 26, 2024 आइतबार




जलजला गाउपलिका, पर्बत वार्ड ९ अन्तर्गत साविक वार्ड न ५ मा पल्लबारी स्वस्थ्य आमा समूहमा पोषिलो खाना बनाउने तरिका सिकाउदै महिला स्वस्थ्य स्वम सेबिका अम माया पुर्जा पुन।



पोखरा महानगरपालिका, स्वस्थ्य शाखा, कास्कीको आयोजनामा मानशिक स्वास्थ्य सम्बन्धि मोड्युल ४ तालिम संचालन भएको छ।






धौलागिरी गाउँपालिका, म्याग्दीको आयोजना र स्वास्थ्य कार्यालय, म्याग्दीको समन्वयमा स्वास्थ्यकर्मी हरुको लागि १ दिने हात्ती पाइले मर्बिडीटि म्यपिङ्ग, बिरामी व्अयवस्पाथापन तथा अपाङ्गता रोकथाम सम्बन्धि प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रमको अध्यक्षता धौलगिरी गाउँपालिकाका अध्यक्षले गर्नुभएको थियोभने प्रमुख आतिथ्यता गाउँपालिका प्रमुख प्रशासकीय अधिकृतले गर्नुभएको थियो। कार्यक्रमको प्रशिक्षण गाउँपालिका स्वास्थ्य संयोजक सम्झना खाती क्षेत्रि र सह-संयोजक अनिशा आचार्यले गर्नु भएको थियो। कार्यक्रममा स्वास्थ्य कार्यालय, म्याग्दीको तर्फबाट ज.स्वा.अ. राजेन्द्र सापकोटा र रघुगंगा गाउँपालिकामा कार्यरत हे.अ. हम फगामी मगरले सहजीकरण गर्नुभएको थियो।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९४, वर्ष ६, २०८१ जेष्ठ १३, May 26, 2024 आइतबार




सार्दिखोला स्वास्थ्य चौकी, कास्कीको आयोजनामा यहि मिति २०८१ साल जेष्ठ १३ गते देखि देशब्यापी रुपमा सुरु हुन गइरहेको Inactivated Polio Vaccine (IPV) खोप सम्वन्धी स्वास्थ्यकर्मी एव शिक्षकहरुको लागि अन्तरक्रिया कार्यक्रम संचालन भएको छ।



खर्बाङ स्वास्थ्य आमा समुह, बाग्लुङ्गको नियमित बैठक विभिन्न बिषयमा छलफल गरि सम्पन्न भएको छ ।







अमलाचौर स्वास्थ्य चौकी, बागलुङको आयोजनामा पृथ्वी हिरन्य मा.बि.बागलुङ नगरपालिका १२, अमलाचौर बागलुङमा पोषण सप्ताह २०८१ अन्तर्गत कक्षा ८,९,१० का १०७ जना बिद्यार्थीहरुलाई बिधालय स्वस्थ्य तथा पोषण सप्ताह समबन्धमा स्वास्थ्य शिक्षा र सबै बिद्यार्थीहरु लाई जुकाको औसधि (Albendazole) खुबाउने कार्य सम्पन्न भएको थियो।



# साप्ताहिक समाचारपत्रिका

अंक १९४, वर्ष ६, २०८१ जेष्ठ १३, May 26, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




मोदी गाउँपालिका, पर्वतको स्वास्थ्य शाखाको आयोजनामा विधालय स्वास्थ्य तथा पोषण कार्यक्रम अन्तर्गत श्री पशुपति माध्यमिक विद्यालय मोदि ७ राम्जामा पोषण सप्ताह नाटक प्रस्तुत र पोषण प्रदर्शनि गरेर मनाइएको छ। कार्यक्रममा सम्पुर्ण विध्यार्थी लगायत शिक्षाकहरुको उपस्थिति रहेको थियो। कार्यक्रमको सहजीकरण सहनशिला पौडेल (विध्यालय नर्स) ले गर्नुभएको थियो।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।



बनौं स्वास्थ चौकी, पर्बतका स्वास्थ्यकर्मीहरुद्वारा श्री बनौं मा.बि.मा पोषण सप्ताह अन्तर्गत कक्षा १ देखि कक्षा १० सम्मका ११० जना विद्यार्थीहरुलाई जुकाको औषधि खुबाउने कार्यक्रम संचालन भएको छ।



जलजला गाउँपलिका, पर्बत अन्तर्गत वार्ड न ९ मा स्वास्थ्य महिला आमा समुहमा आयोडिन नुनको महत्त्वबारे जानकारी दिदै महिला स्वस्थ्य स्वम सेबिका तेउ माया पुर्जा।



# साप्ताहिक समाचारपत्रिका

अंक १९४, वर्ष ६, २०८१ जेष्ठ १३, May 26, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल



जलजला गाउँपालिका, पर्बत वडा न.४ अन्तर्गत आधारभुत स्वास्थ्य सेवा केन्द्रद्वारा विधालय पोषण सप्ताह कार्यक्रम श्री फटकेढुङा आधारभुत विधालयमा सम्पन्न भएको छ।



मासिक तौल अनुगमन@ तारङ्गा सामुदायिक स्वास्थ्य इकाई



जिल्ला प्रहरी कार्यालय, पर्वत मातहत प्रहरी चौकी वहाँकीठाटी पर्वतको आयोजनामा लैंगिक हिंसा न्यूनिकरण, प्रहरी चौकी मिलनचोक, पर्वतले बाल विवाह न्यूनिकरण र अस्थाई प्रहरी पोष्ट भोर्ले, पर्वतले लागू औषध नियन्त्रण सम्बन्धी कार्यक्रम तथा पर्चा वितरण लगायतका विषयहरूमा आ-आफ्नो वडा एरियाहरूका विभिन्न स्थानहरूमा लघु सचेतनामुलक कार्यक्रम सम्पन्न गरेको छ।



विश्व उच्चरक्तचाप दिवस २०२४ को अवसर बागलुङ नगर अस्पताल, बाग्लुङ्गको आयोजनामा बागलुङ नगरपालिका १३ पैयुँपाटा अन्तर्गत कार्यरत कर्मचारी, शिक्षक, जनप्रतिनिधिहरु तथा सर्वसाधारणहरुको रक्तचाप मापन कार्यक्रम संचालन भएको छ।



# साप्ताहिक समाचारपत्रिका

अंक १९४, वर्ष ६, २०८१ जेष्ठ १३, May 26, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




ग्वास्लुङ्ग सामुदायिक स्वास्थ्य इकाईले नियमित मासिक खोप सन्चालन स्वास्थ्य आमा समुहको मासिक बैठक सन्चालन र २ वर्ष मुनिका बालबालिकाहरुको पोषण स्थिती जाँच [तौल मापन र मध्य पाखुराको नाप (MUAC) ]सम्पन्न गरिएको छ। ग्वास्लुङ्ग स्वास्थ्य आमा समुहको बैठकमा पोषण सप्ताह तथा पोषण सामाग्री (पोषिलो नाङ्लो) प्रदर्शन कार्यक्रम सम्पन्न भएको थियो। साथ साथै जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, तनहुको सहकार्यमा स्तनपायी आमा तथा मातृशिशु सुरक्षा कार्यक्रम पनि सम्पन्न भएको छ।

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**



सुकेपोखरी स्वास्थ आमा समूहको नियमित मासिक बैठक सम्पन्न भएको छ। जसमा वालवालिकाको वृद्धिविकासको नियमित अनुगमन साथै गर्भवती आमा तथा वालवालिकाको पोषण अवस्था बारे अनुगमन र उपस्थित आखालाई संक्रमण गरी दृष्टिविहिन सम्म बनाउन सक्ने शापु रोगको बारेमा जानकारी तथा रोकथाम उचित परामर्श दिनुका साथै विश्व उच्च रक्तचाप दिवस २०२४ को अवसरमा 'आफ्नो रक्तचाप सही रूपमा मापन गर्नुहोस्, यसलाई नियन्त्रण गर्नुहोस्, लामो समयसम्म बाँच्नुहोस्' भन्ने नाराका साथ उपस्थित सबैमा उच्च रक्तचाप सम्बन्धि विविध जानकारी दिदै स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९४, वर्ष ६, २०८१ जेष्ठ १३, May 26, 2024 आइतबार




खैरेनीटार स्वास्थ्य चौकी दुलेगौंडा, तनहुँको आयोजनामा पोषण सप्ताहको सप्ताहब्यापी कार्यक्रममा शुक्ला गण्डकी नगरपालिका-४, तनहुँमा रहेका तीनवटै बिधालयमा पोषण कार्यक्रम तथा जुकाको औषधि (Albendazole) खुवाउने कार्यक्रम सम्पन्न भएको छ।




स्वास्थ्य शाखा- रघुगंगा गाउँपालिका, म्याग्दीको आयोजनामा सायना प्रेस (DMPA-SC) सेवा संचालन तथा विस्तार सम्बन्धि स्वास्थ्यकर्मीहरुलाई अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ।



जलजला गाउँपालिका, लेखफांट स्वास्थ्य चौकी, पर्बतको आयोजनामा पोषण सप्ताहमा श्री ग्राम प्रकाश मा.वि. र मालिका आधारभुत विद्यालयमा जुकाको औषधि खुवाउनुका साथसाथै बिद्यार्थीहरुलाई पोषणबारे स्वास्थ्य शिक्षा प्रदान गरिएको छ।



गुर्जा स्वास्थ्य चौकी, म्याग्दीको आयोजनामा "बिद्यालय पोषण कार्यक्रम अन्तर्गत श्री जन्कल्यान माध्यमिक विधालयमा पोषणसंग सम्बन्धित स्वास्थ्य शिक्षा दिनुको साथै ५ बर्ष माथीका बिद्यार्थीहरुलाई जुकाको औषधि खुवाउने कार्यक्रम सम्पन्न भएको छ।



# साप्ताहिक समाचारपत्रिका

अंक १९४, वर्ष ६, २०८१ जेष्ठ १३, May 26, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




हरेक बर्ष जेठ १ देखि ७ गतेसम्म मनाइने पोषण सप्ताहको अबसरमा श्री गणेश मा.बि. बाग्लुङ्ग-१४, नारायणस्थानमा विविध कार्यक्रम गरि सम्पन्न भएको छ। कार्यक्रममा सामन्य स्वास्थ्य परिक्षण, सरसफाई कार्यक्रम, पोषण सम्बन्धि कक्षा संचालन, विश्व रक्तचाप दिबसको अबसरमा बिध्यालयका सम्पूर्ण कर्मचारीहरुको Blood Pressure monitor, ब्यक्तिगत सरसफाईको जाच गर्दै बिधार्थिहरुलाई हात धुने प्रक्रिया बारे जानकारी, जुकाको औषधि बितरण, पोषण प्रदर्शन विद्यालय नर्स आरती गौतमको सहजिकरणमा सम्पन्न भएको छ।






जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र नवलपरासी (पूर्व) को आयोजनामा स्वास्थ्य प्रवर्धनका लागि जीवनशैली परिवर्तन तथा योग कार्यक्रम सम्पन्न भएको छ। बुलिङटार गाउँपालिका वडा नम्बर -६ अत्रौलीमा स्वास्थ्य प्रवर्धनका लागि जीवनशैली परिवर्तन तथा योग सम्बन्धि २ दिने कार्यक्रम भएको छ। जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, नवलपरासी (पूर्व) का प्रमुख डाक्टर सुजाता शर्माको सभापतित्वमा सम्बन्धित वडाका कार्यबहाक अध्यक्षको आतिथ्यतामा कार्यक्रमको उद्घाटन भएको थियोभने उक्त कार्यक्रममा प्रशिक्षकको रुपमा बरिष्ठ कविराज निरीक्षक गोकुल पराजुली र वैद्य निरीक्षक विष्णु प्रसाद ढकालको उपस्थिति रहेको थियो।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न ।
- मानसिक तनाव कम गर्न ।

**दादुरा संक्रमित बालबालिकालाई साविक भन्दा बढी पोषिलो खानेकुरा खुवाउने गरौ । दादुरा भएका प्रत्येक बालबालिकालाई स्वास्थ्यकर्मीको सल्लाह अनुसार भिटामिन ए खुवाउनु पर्दछ।**

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

# साप्ताहिक समाचारपत्रिका

अंक १९४, वर्ष ६, २०८१ जेष्ठ १३, May 26, 2024 आइतबार




मर्स्याङदी गाउँपालिका वडा नं. ७ को आयोजनामा भुलभुले स्वास्थ्य चौकी र ताराचोक सामुदायिक स्वास्थ्य इकाईको प्राबिधिक सहयोगमा जन्मजात अपाङगता निरुपण सम्बन्धी समुदाय स्तरिय स्वास्थ्य शिक्षा कार्यक्रम  महेन्द्रदेव मा.वि.,तरान्चेमा सम्पन्न भएको छ।



स्वास्थ्य कार्यालय, स्याङ्गजाको आयोजनामा आई. पि. भी. खोप अभियान २०८१ को जिल्लास्तरिय अभिमुखिकरण तथा योजना गोष्ठी सम्पन्न भएको छ।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन ।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न ।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न ।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम  कम गर्न ।
- मानसिक तनाव कम गर्न ।



छोप्राक स्वास्थ्य चौकी, गोरखामा स्वस्थ शिशुको जन्म भएको छ। आमा र नवजात शिशुको अवस्था सामान्य छ।



# साप्ताहिक समाचारपत्रिका

अंक १९४, वर्ष ६, २०८१ जेष्ठ १३, May 26, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




स्वास्थ्य कार्यालय, बागलुङको आयोजना तथा जिल्ला समन्वय समितिको समन्वयमा पोलियो रोग विरुद्धको खोप अभियान २०८१ सम्बन्धी जिल्ला खोप समन्वय समिति एवं सरोकारवालाहरु र संचारकर्मीहरुको लागि अभिमुखिकरण गोष्ठी सफलतापूर्वक सम्पन्न भएको छ। विशेष गरेर सरोकारवालाहरु र संचारकर्मीहरुलाई यही जेठ १३ गते देखि संचालन हुन गईरहेको आई.पि.भी. खोप अभियान सम्बन्धमा जानकारी गराई अभियानलाई सफलतापूर्वक सम्पन्न गर्ने उद्देश्य अनुरुप उक्त कार्यक्रम संचालन भएको थियो। जिल्ला समन्वय समितिका प्रमुख तथा जिल्ला खोप समन्वय समितिका संयोजक आदरणीय अमर बहादुर थापाको अध्यक्षतामा संचालित उक्त कार्यक्रममा स्वास्थ्य कार्यालय, बागलुङका प्रमुख बाबुराम आचार्यले स्वागत तथा कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्दै खोप कार्यक्रमको संवेदनशिलताको बारेमा बुझिदिन आग्रह गर्दै खोप अभावका कारण जोखिममा रहेका (खोपबाट बञ्चित २०७३ बैशाखदेखि २०७५ असोज भित्र जन्मिएका) बालबालिकाहरुलाई नजिकको खोप केन्द्रमा लगि खोपाउन अनुरोध गर्नुभएको थियो। स्वास्थ्य कार्यालय, बागलुङका क्षयकुष्ठ निरीक्षक देव प्रकाश घिमिरेले संचालन गर्नुभएको उक्त कार्यक्रमको सहजिकरण स्वास्थ्य कार्यालय बागलुङका खोप सुपरभाइजर राजु खत्रीले गर्नुभएको थियो।



बोबांग स्वास्थ्य चौकी, बाग्लुङ्गको आयोजनामा "विद्यालय पोषण कार्यक्रम अन्तर्गत विधालयमा पोषणसंग सम्बन्धित स्वास्थ्य शिक्षा दिनुको साथै ५ बर्ष माथीका बिद्यार्थीहरुलाई जुकाको औषधि खुवाउने कार्यक्रम सम्पन्न भएको छ।




काँडेबास स्वास्थ्य चौकीमा आई.पी.भी खोप अभियानका लागी खोप समन्वय समिती, ब्यबस्थापन समिती तथा जनप्रतिनिधीहरुका लागी १ दिने वडा स्तरीय अभिमुखीकरण कार्यक्रम तथा पूर्णखोप घोषणा प्रमाणीकरण प्रमाण पत्र र प्रतिबद्धतामा हस्ताक्षर गरि कार्यक्रम सम्पन्न भएको छ।

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
पोखरा, नेपाल

# साप्ताहिक समाचारपत्रिका

अंक १९४, वर्ष ६, २०८१ जेष्ठ १३, May 26, 2024 आइतबार



कोट्दरबार स्वास्थ्य चौकि, तनहुँको आयोजनामा "बिद्यालय पोषण कार्यक्रम अन्तर्गत श्री चन्द्रज्योती प्रा.बि.मा पोषणसंग सम्बन्धित स्वास्थ्य शिक्षा दिनुको साथै ५ बर्ष माथीका बिद्यार्थीहरुलाई जुकाको औषधि खुवाउने कार्यक्रम सम्पन्न भएको छ।



स्वास्थ्य कार्यालय, म्याग्दीको आयोजना र मालिका गाउँपालिकाको समन्वयमा स्वास्थ्यकर्मीहरुको लागि १ दिने हात्ती पाइले मर्बिडीटि म्यपिङ्ग, बिरामी ब्यवस्थापन तथा अपाङ्गता रोकथाम सम्बन्धि प्रशिक्षण तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रमको अध्यक्षता मालिका गाउँपालिका प्रमुख प्रशासकीय अधिकृतले गर्नुभएको थियोभने कार्यक्रमको आतिथ्यता स्वास्थ्य कार्यालय, म्याग्दीका जनस्वास्थ्य अधिकृत राजेन्द्र सापकोटाले गर्नु भएको थियो। त्यस्तै गरि कार्यक्रमको अथिति दर्बाङ्ग आधारभुत अस्पतालका मेडिकल अधिकृत डाक्टर गायत्री पौडेलले गर्नुभएको थियो। कार्यक्रमको प्रशिक्षण दर्बाङ्ग आधारभुत अस्पतालका मेडिकल अधिकृत डाक्टर गायत्री पौडेल गाउँपालिका स्वास्थ्य सह-संयोजक तेजेन्द्र राना र स्वास्थ्य कार्यालय म्याग्दीका ज.स्वा.अ. राजेन्द्र सापकोटाले संयुक्त रुपमा गर्नु भएको थियो। कार्यक्रममा वार्ड तहका कार्यरत स्वास्थ्यकर्मीहरुको उपस्थिति रहेको थियो।



चामे गाउँपालिका, मनाङ्गको आयोजनामा आई.पी.भी खोप अभियानका लागी खोप समन्वय समिती, ब्यबस्थापन समिती तथा जनप्रतिनिधीहरुका लागी १ दिने वडा स्तरीय अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।



# साप्ताहिक समाचारपत्रिका

अंक १९४, वर्ष ६, २०८१ जेष्ठ १३, May 26, 2024 आइतबार

गण्डकी प्रदेश सरकार

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

**स्वास्थ्य निर्देशनालय**

पोखरा, नेपाल




स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशमा कार्यरत मेडिकल अधिकृत डाक्टर जितेन्द्र कँडेल नवौं तहमा बढुवा हुनुभई गजेन्द्र नारायण सिंह अस्पताल, सप्तरी पदस्थापना हुनुभएकोमा हार्दिक बधाई, शुभकामनाका साथै फेरि भेटौला कार्यक्रम आयोजना भएको छ। वहाँको सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं।



स्वास्थ्य कार्यालय, तनहुँको आयोजनामा स्वास्थ्य शाखा, शिक्षा शाखा तथा स्वास्थ्य संस्थाका प्रमुखहरूको लागि आई.पी.भी. सम्बन्धी जिल्ला स्तरीय अभिमुखिकरण कार्यक्रम सञ्चालन भएको छ।




गोरखा अस्पतालमा क्लिनिकल ऑप्टोमेट्रिस्टद्वारा आँखा ओ.पी.डी. सेवा सन्चालन भएको छ।



नियमित रूपमा रक्तचापको मापन गरौं, सचेत रहौं।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९४, वर्ष ६, २०८१ जेष्ठ १३, May 26, 2024 आइतबार



स्वास्थ्य कार्यालय, पर्वतका खोप कार्यक्रमका फोकल पर्सन जयन्द्र गुरुङ्गको अनिवार्य अवकास भएको छ। तपाईले खोप कार्यक्रममा दिनुभएको योगदान अतुलनीय छ। तपाईको रिटायर्ड जिवन थप सफल बनोस्, स्वस्थ्य जीवनको शुभकामना।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको नियमित बैठक सञ्चालन भएको छ। बैठकको अध्यक्षता स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका महानिर्देशक खिम बहादुर खड्काले गर्नुभएको छ।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजना तथा NSI को सहयोगमा अस्पताल सुदृढीकरण कार्यक्रम अन्तर्गतको न्यूनतम सेवा मापदण्ड (MSS) को सातौं फलोअपको प्रस्तुतिकरण कार्यक्रम दरबाङ अस्पतालमा सञ्चालन भएको छ।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजना तथा NSI को सहयोगमा अस्पताल सुदृढीकरण कार्यक्रम अन्तर्गतको न्यूनतम सेवा मापदण्ड (MSS) को छैठौं फलोअपको प्रस्तुतिकरण कार्यक्रम बुर्तिबाङ अस्पतालमा सञ्चालन भएको छ।

**योग किन गर्ने :**

- मन र शरीर तथा विचार र कार्यको एकतालाई मूर्त रूप दिन।
- दैनिक जीवनमा सन्तुलित मनोवृत्ति कायम राख्न।
- रोग प्रतिरोधात्मक क्षमता सुधार गर्न।
- मुटुरोग, मधुमेह, क्यान्सर जस्ता नसर्ने रोगहरुको जोखिम कम गर्न।
- मानसिक तनाव कम गर्न।

# साप्ताहिक समाचारपत्रिका

अंक १९४, वर्ष ६, २०८१ जेष्ठ १३, May 26, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




खुर्कोट स्वास्थ्य चौकि, पर्बतको आयोजनामा "बिद्यालय पोषण कार्यक्रम अन्तर्गत श्री चन्द्रज्योती प्रा.बि.मा पोषणसंग सम्बन्धित स्वास्थ्य शिक्षा दिनुको साथै ५ बर्ष माथीका बिद्यार्थीहरुलाई जुकाको औषधि खुवाउने कार्यक्रम सम्पन्न भएको छ।




बोबांग स्वास्थ्य चौकी, बाग्लुङ्गको आयोजनामा आई.पी.भी. सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन भएको छ।



नार्पा भूमि गाँउपालिका, मनाङ्ग स्वास्थ्य शाखाको आयोजनामा पालिका पूर्ण खोप सुनिश्चतता तथा दिगोपना घोषणा कार्यक्रम सम्पन्न भएको छ।




स्वास्थ्य कार्यालय, गोरखाको आयोजनामा चुमनुव्री गाउँपालिकाका स्वास्थ्यकर्मीहरुका लागि High Altitude Sikness सम्बन्धि तालिम संचालन भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९४, वर्ष ६, २०८१ जेष्ठ १३, May 26, 2024 आइतबार




सल्यान स्वास्थ्य चौकि, बाग्लुङ्गको आयोजनामा "बिद्यालय पोषण कार्यक्रम अन्तर्गत श्री चन्द्रज्योती प्रा.बि.मा पोषणसंग सम्बन्धित स्वास्थ्य शिक्षा दिनुको साथै ५ बर्ष माथीका बिद्यार्थीहरुलाई जुकाको औषधि खुवाउने कार्यक्रम सम्पन्न भएको छ।



धुल्लुबास्कोट स्वास्थ्य चौकी, बाग्लुङ्गको आयोजनामा धुल्लुलिउवा मा.बि.मा जुकाको औषधि खुवाउने र पोषण सामाग्री प्रदर्शन साथै पोषण सम्बन्धि स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न भएको छ।




स्वास्थ्य तालीम केन्द्र, गण्डकी प्रदेशमा कार्यरत जनस्वास्थ्य अधिकृत शैलेन्द्र कुमार सिंह स्वास्थ्य कार्यलय, नवलपरासी पूर्वमा कार्यलय प्रमुख भई सरुवा हुनुभएको छ। वहाँको बिदाई तथा  लोकसेवा आयोज, गण्डकी प्रदेशबाट सिफारिस भई आउनु भएको  कम्युनिटी नर्शिंग अधिकृत दृष्टि पौडेलको स्वागत गरिएको छ।



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९४, वर्ष ६, २०८१ जेष्ठ १३, May 26, 2024 आइतबार



घार स्वास्थ्य चौकी, म्याग्दीको आयोजनामा यही जेष्ठ महिनाको १३ गतेदेखि १७ गतेसम्म सञ्चालन हुने आ.पि.भी. खोप अभियानमा खोप केन्द्र राखिने विद्यालयका शिक्षिका तथा स्वयंसेवकको एक दिने अभिमुखीकरण गोष्ठी कार्यक्रम सम्पन्न भएको छ।



गोरखा नगरपालिका ६, छहरे गोरखामा रहेको श्री बालमन्दिर माध्यमिक विद्यालयमा गोरखा अस्पतालको आयोजनामा कक्षा ९ र १० का विद्यार्थीहरूलाई एकद्वार संकट व्यवस्थापन केन्द्र र लैङ्गिक हिंसा सम्बन्धी अभिमुखीकरण कार्यक्रम तालिम प्राप्त मेडिकल अधिकृत डाक्टर युवराज अधिकारी, एकद्वार संकट व्यवस्थापन केन्द्रका फोकल पर्सन कृपा भण्डारी र तहाँ विद्यालयका शिक्षकहरुको सहयोगमा सम्पन्न भएको छ।



बिधालय स्वास्थ्य तथा पोषण सप्ताह अन्तर्गत बरेङ गाउँपालिका वडा नं २ स्थित भृकुटी मा.बि मा पोषिलो खाना प्रदर्शन तथा स्वास्थ्य शिक्षा प्रदान गर्दै अ.न.मि सृजना खत्री।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९४, वर्ष ६, २०८१ जेष्ठ १३, May 26, 2024 आइतबार



सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशको आयोजनामा गण्डकी प्रदेश अन्तर्गतका जिल्लास्थित मन्त्रालय मातहतका स्वास्थ्य कार्यालयहरूका प्रमुख, आयुर्वेद औषधालय/स्वास्थ्य केन्द्रहरूका प्रमुख तथा आर्थिक प्रशासन प्रमुखहरूका लागि "नेतृत्व विकास, जिन्सी व्यवस्थापन तथा खरिद सम्बन्धी अभिमुखीकरण" कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रममा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सचिव डाक्टर विनोद विन्दु शर्मा, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका उपसचिव राजन भट्टराई, को.ले.नि.का. स्याङ्जाका प्रमुख इन्द्र प्रसाद पौडेल, पूर्व नायब महालेखा परीक्षक महेश्वर काफ्ले, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र गण्डकी प्रदेशका महानिर्देशक डाक्टर राजिव रिजाल, उक्त केन्द्रका जिन्सी प्रमुख निरज तिमिल्सिना, मन्त्रालयका महाशाखा प्रमुख सुरज गुरौ र डाक्टर रमेश कुमार के.सी.बाट सहजीकरण भएको थियो। उक्त कार्यक्रम पश्चात बेरुजु फछ्र्यौटका लागि पेश भएका फाइल उपर छलफल भई आवश्यक थप कागजात सहित पुनः पेश गर्ने र फाछ्र्यौट प्रकृया अगाडि बढाउने गरी योजना तय भएको छ ।



निसीखोला गाउँपालिका अन्तर्गत निसी स्वास्थ्य चौकी मा खोप समन्वय समिती, स्वास्थ्या संस्था संचालन तथा व्यवस्थापन समिति, जनप्रतिनिधि एबम् सरोकारवालाहरु माझ पूर्ण खोप सुनिस्चित तथा दीगोपना घोषणा प्रमाणीकरण प्रतिबद्धतामा हस्ताक्षर कार्यक्रम साथै आई.पि.भि. खोप सम्बन्धि स्वास्थ्यकर्मी र शिक्षकहरु बिच १ दिने बैठक कार्यक्रम सम्पन्न भएको छ।



गण्डकी प्रदेश सरकार, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय मातहतको प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रको महानिर्देशक पदमा कार्यरत डाक्टर राजीव रिजाल नेपाल सरकारको प्रमुख मेडिकल सुपरिटेन्डेन्ट पदमा सिफारिस भई नियुक्त हुनुभएकोमा हार्दिक बधाई तथा शुभकामना कार्यक्रम संचालन भएको छ।

# सासाहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १९४, वर्ष ६, २०८१ जेष्ठ १३, May 26, 2024 आइतबार




जिल्ला आयुर्बेद स्वास्थ्य केन्द्र, मुस्ताङ्गको आयोजनामा लोमान्थान गाउँपालिका छोसेरमा स्वास्थ्य प्रवर्द्धनका लागी जीवनशैली परिवर्तन तथा योग कार्यक्रम सम्पन्न भएको छ।




नवलपरासी (ब.सु.पू.) जिल्ला खोप समन्वय समिति तथा सन्चारकर्मीहरुको बैठक समितिका अध्यक्ष बाबुराम विश्वकर्माको अध्यक्षतामा सम्पन्न भएको छ। बैठकमा कार्यालय प्रमुख शैलेन्द्र कुमार सिंहले आइ. पि. भि. खोप अभियानका बारेमा विस्तृत प्रस्तुतिकरण गर्नु भएको थियो। अभियानको सफलताका लागि बृहत छलफल चलाइएको यस कार्यक्रममा मध्यविन्दु नगरपालिकाका प्रमुख भीमलाल अधिकारीले स्थानिय सरकारद्वारा सम्पूर्ण सहयोग रहने प्रतिवद्धता जनाइएको थियो। प्रमुख जिल्ला अधिकारी कल्पना श्रेस्ठद्वारा अभियानमा कुनै पनि लक्षित बालबालिका खोपबाट बन्चित नहुने अवस्था निर्माणका लागि प्रचार प्रसार लगायत अन्य व्यवस्थापन चुस्त दुरुस्त बनाउन निर्देशन भयो। सन्चारकर्मीहरूद्वारा अभियानको प्रचार प्रसारमा तिव्रता ल्याउन सन्चार माध्यमको बृहत् प्रयोग गर्ने सुझाव प्राप्त भयो। जिल्लाका विभिन्न सरोकारबालाहरू सम्मिलित यश बैठक खोप फोकल पर्सन खरेल प्रसाद चौधरीले सहजीकरण गर्नु भएको थियो।



माछपुच्छ्रे बैंक लिमिटेड आँबुखैरेनी शाखाले आफ्नो कर्पोरेट सामाजिक उत्तरदायित्व मार्फत आँबुखैरेनी अस्पतालका लागि एक थान ECHO Probe (मुटुको अवस्था जाँच गर्ने यन्त्र) प्रदान गर्नु भएको छ।



# साप्ताहिक समाचारपत्रिका

अंक १९४, वर्ष ६, २०८१ जेष्ठ १३, May 26, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




बडिगाड गाँउपालिका वडा न ९ मालारानी प्रा.बि.मा जुकाको औषधी (Albendazole) खुवाउदै दर्लिङ स्वास्थ्य चौकिमा कार्यरत स्वास्थ्यकर्मी।




क्यान्सरका विरामीहरूका लागि आर्थिक सहायता प्रदान गर्ने गरी गण्डकी प्रदेश सरकार, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल काठमाडौ बीच सम्झौता सम्पन्न भएको छ। प्रदेश सरकारका तर्फबाट सचिव डाक्टर विनोद विन्दु शर्मा र वीर अस्पतालका तर्फबाट निर्देशक डाक्टर सन्तोष पौडेलज्यूले उक्त सम्झौता पत्रमा हस्ताक्षर गर्नुभएको छ। गण्डकी प्रदेशका क्यान्सर बिरामीहरूले त्यसरी सम्झौता गरिएका सरकारी अस्पतालहरूमा उपचार गराउँदाका बखत संघीय सरकारबाट उपलब्ध हुने रू. एक लाख बराबरको आर्थिक सहायताका अलावा गण्डकी प्रदेश सरकारका तर्फबाट थप रू. एक लाख आर्थिक सहायता उपलब्ध गराइनेछ। हालसम्म यसरी सम्झौता भएका अस्पतालहरू निम्न रहेका छन्ः

१. चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल, काठमाडौं
२. भरतपुर क्यान्सर अस्पताल, भरतपुर, चितवन
३. पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुर
४. भक्तपुर अस्पताल, भक्तपुर



जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, म्याग्दीको आयोजनामा धवलागीरि गाउँपालिका वडा नं ३ मुनामा विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम संचालन भएको छ।

# साप्ताहिक समाचारपत्रिका

अंक १९४, वर्ष ६, २०८१ जेष्ठ १३, May 26, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




कालीगण्डकी गाउपालिका वाड न.६ मा रहेका सम्पूर्ण बिधालय अन्तर्गत कक्षा ६-१० सम्मका किशोरीहरुको रक्तअल्पता परिक्षण साथै ५ बर्ष मुनीका बालबालीकाहरुको पखुराको मध्य भागको नाप (M U A C) लेखाजोखा कार्यक्रम सम्पन्न भएको छ।



समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत “विकृति र विसंगतिको अन्त्य, सभ्य समाजको परिकल्पना हाम्रो चाहना” भन्ने मूल नारालाई आत्मासाथ गर्दे सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा, बैदाम, पोखराले लैंगिक हिंसा विरुद्ध तथा साईबर अपराध सम्बन्धी सचेतनामूलक कार्यक्रम सम्पन्न गरेको छ।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा डाटा भेरिफिकेसन कार्यक्रम स्याङ्जामा संचालन भएको छ।



स्वास्थ्य कार्यालय, पर्वतको आयोजनामा शुन्य लागतमा शुरु गरिएको भर्चुअल सेसनको भाग २ अन्तर्गत "आइपिभी खोप अभियान २०८१" लाई मध्यनजर गर्दै स्वास्थ्यकर्मीहरुको लागि विशेष अभिमुखिकरण कार्यक्रमको भर्चुअल सेसन सफलतापुर्वक सम्पन्न भएको छ। कार्यक्रमको सहजीकरण बाल स्वास्थ्य तथा खोप सेवा शाखा, परिवार कल्याण महाशाखा, स्वास्थ्य सेवा विभागका प्रमुख डाक्टर अभियान गौतमले गर्नुभएको थियोभने कार्यक्रममा विभिन्न स्वास्थ्य संस्थाका ८० जना भन्दा बढी स्वास्थ्यकर्मीहरुको सहभागीता रहेको थियो।

# साप्ताहिक समाचारपत्रिका

अंक १९४, वर्ष ६, २०८१ जेष्ठ १३, May 26, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र नवलपरासी पूर्वको आयोजनामा सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई आयुर्वेद सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ। नवपरासी (पूर्व) जिल्लाको पहाडी गाउँपालिका बौंदीकाली गाउँपालिकामा सोही गाउँपालिकाका प्रमुख प्रकाश ओझाको प्रमुख आतिथ्यतामा १ दिने अभिमुखकरण कार्यक्रम सम्पन्न भएको हो। उक्त कार्यक्रममा वडा अध्यक्षको पनि उपस्थित रहेको थियोभने कार्यक्रमको सभापतित्व जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र नवलपरासी पूर्वका प्रमुख डाक्टर सुजाता शर्माले गर्नु भएको थियो।



रघुगंगा गाउँपालिका, म्याग्दीको आयोजनामा क्षयरोग घरदैलो कार्यक्रम एवं क्षयरोग खोजपड्तालका लागि समुदाय स्तरमा क्षयरोग सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ।



जलजला गाउँपालिका, पर्बतको आयोजना तथा लेखफाट स्वास्थ्य चौकीको समन्वयमा डेंगुरोग निबारण कार्यक्रम श्री ग्राम प्राकश मा.बि. र श्री मालिक आ.बि.मा स्वास्थ्य शिक्षा कार्यक्रम सन्चालन भएको छ।



गुर्जा स्वास्थ्य चौकी, म्याग्दीको आयोजनामा यहि मिति २०८१/०२/१३ गते संचालन हुन गईरहेको आई.पि.भि. खोप अभियान सम्बन्धि खोप केन्द्र तोकिएका बिधालयका शिक्षिका, स्वास्थ्यकर्मि तथा महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई १ दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ।




**सम्पादक**

नवराज शर्मा

बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत/सूचना अधिकारी
स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश
(गुनासो तथा सुझावका लागि)
https://hd.gandaki.gov.np/feedback
bhumari80@gmail.com